# किसान लघुवित्त वित्तीय संस्था लिमिटेड

**(साबिकको एनआरएन लघुवित्त वित्तीय संस्था लि.)**

**केन्द्रीय कार्यालय, धनगढी, कैलालीको**

**(कर्पोरेट कार्यालय, बूढानीलकण्ठ न.पा. -८, काठमाडौं)**

## तेश्रो वार्षिक साधारणसभासम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७९/०२/०७**

मिति २०७९/०१/२५ गते साँझ ६:०० बजे बसेको यस संस्थाको संचालक समितिको ८७औं बैठकको निर्णयानुसार संस्थाको तेश्रो वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०७३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१) सभा हुने मिति, स्थान र समय**

मिति : २०७९ साल जेष्ठ २८ गते शनिबार ।

स्थान : धनगढी उप-महानगरपालिका-२, धनगढी, कैलाली ।

समय : बिहान ११:०० बजे ।

**२) छलफलका विषयहरु:**

**क) साधारण प्रस्तावहरु**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदनसहितको २०७८ आषाढ मसान्तको वासलात र मिति २०७७/०४/०१ देखि २०७८/०३/३१ सम्मको नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु स्वीकृत गर्ने ।

३) कम्पनी ऐन २०७३ को दफा १११ अनुसार आ.ब. २०७८/०७९ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) मनोनित संचालकको अनुमोदन गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिको प्रस्तावबमोजिम आ.व. २०७७/७८ को मुनाफाबाट चुक्ता पुँजी रु.३९,२८,०८,७७५/२५ को २० प्रतिशतले हुने रकम रु. ७८५६१७७५।०५ बोनस शेयर वितरणको प्रस्ताव पारित गर्ने ।

२. बोनश शेयर वितरण र थप सर्वसाधारणलाई शेयर निष्कासन गर्नुपर्ने भएकाले प्रबन्धपत्रको दफा ६ को उपदफा 'ख' र ' ग', दफा ८ को 'ङ' र नियमावलीको दफा २७ (२) संशोधन गर्ने र थप सर्वसाधारणको लागि शेयर निष्कासन गर्नेसम्बन्धी उपदफा 'क' थप गर्ने ।

३. संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने वा प्राप्ति (एक्विजिसन)सम्बन्धी प्रक्रिया अगाडि बढाउन र तत् सम्बन्धित सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन प्राप्त भएमा सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

५. संस्थाको केन्द्रीय कार्यालय सार्ने सम्बन्धमा ।

**ग) विविध ।**

**संचालक समितिको आज्ञाले,**

**कम्पनी सचिव**

(सभामा छलफल गरिने संचालक समितिको प्रतिवेदन तथा लेखापरीक्षकको प्रतिवेदनसहितको वासलात, नाफा-नोक्सान हिसाब, साधारणसभासम्बन्धी जानकारी आवश्यक भएमा यस संस्थाको केन्द्रीय कार्यालय, धनगढी कैलाली र कर्पोरेट कार्यालय बूढानीलकण्ठ, काठमाडौंमा सम्पर्क गर्न हुन अनुरोध छ ।)

## साधारणसभासम्बन्धी सामान्य जानकारी

१) संचालक समितिको निर्णयानुसार २०७९ जेष्ठ २० गते शेयर दर्ता किताब बन्द Book close गरिने भएकाले तेश्रो वार्षिक साधारणसभामा मिति २०७९/०२/१९ गतेसम्म कायम रहेका शेयरधनीहरुले भाग लिन पाउने छन् ।

४) शेयरधनी महानुभावहरुले साधारणसभामा भाग लिन आउँदा आफ्नो शेयर प्रमाणपत्र वा नागरिकता प्रमाणपत्र वा आफ्नो परिचय खुल्ने स्पष्ट हुने फोटोसहितको कुनै परिचयपत्र साथमा लिई आउनु पर्नेछ । परिचय खुल्ने कागजात नदेखाई सभामा भाग लिन पाईने छैन ।

५) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई सभामा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । सभा हुने दिन हाजिरी पुस्तिका बिहान १०:०० बजेदेखि दिउँसो १:०० बजेसम्म खुल्ला रहनेछ । सो समयपछि हाजिरी पुस्तिका बन्द हुनेछ ।

६) शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा आफू जुन समूह/ उप-समूहको शेयरधनी हो, सोही समूह/उपसमूहको अर्को शेयरधनीलाई मात्र प्रोक्सी दिन पाईने छ ।

७) प्रतिनिधिपत्र (प्रोक्सी फारम) किसान लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय धनगढी, कैलाली वा कर्पोरेट कार्यालय, मण्डिखाटार, काठमाडौंबाट वा यस संस्थाको शेयर रजिष्टार सेञ्चुरी क्यापिटल मार्केट्स लि., कमलादी, काठमाडौंबाट प्राप्त गर्न सकिने छ ।

८) प्रतिनिधिपत्र (प्रोक्सी फारम) सभा सुरु हुनुभन्दा न्यूनतम ७२ घण्टा अगावै अर्थात् २०७९/०२/२५ गते बिहान ११:०० बजेभित्र संस्थाको केन्द्रीय वा कर्पोरेट कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ ।

९) शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन । प्रोक्सी प्रचलित कम्पनी ऐन तथा नेपाल कानूनले तोकेको ढाँचामा दिनु पर्नेछ । संस्थाको शेयरधनीबाहेक अन्य व्यक्तिलाई प्रोक्सी दिन पाईने छैन । त्यसरी दिएको प्रोक्सी बदर हुनेछ ।

१०) शेयर खरिद गरेको संगठित संस्था वा कम्पनीले संस्थाको सम्बन्धित समूह/उपसमूहको अर्को कुनै शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्ने छैन । त्यसरी प्रोक्सी मुकरर नगरिएको अवस्थामा मनोनित गरेको प्रतिनिधिले निज संस्थाको शेयरधनी नभए तापनि शेयरवालाको हैसियतले सभामा भाग लिन सक्ने छन् ।

११) एकजना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी स्वत: बन्द हुनेछ । तर, पहिला दिएको प्रतिनिधिपत्र (प्रोक्सी फारम) बदर गरी पछि दिइएको प्रतिनिधिपत्रलाई मात्र मान्यता दिन अनुरोध गरी छुट्टै पत्रसाथ प्रतिनिधिपत्र (प्रोक्सी फारम) तोकिएको समयावधिभित्रै दर्ता गर्न ल्याएमा छुट्टै पत्रसाथ प्राप्त पछिल्लो प्रतिनिधि पत्र (प्रोक्सी फारम)लाई मान्यता दिइनेछ ।

१२) प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनीले सभाको कामकारबाही सुरु हुनुभन्दा अगावै आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा त्यस्तो शेयरधनीले दिएको प्रतिनिधिपत्र (प्रोक्सी ) स्वत: बदर भएको मानिनेछ ।

१३) शेयरधनी महानुभावहरुले लेखापरीक्षकको प्रतिवेदनसहितको संस्थाको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदनसमेतका कागजातहरु संस्थाको केन्द्रीय कार्यालय धनगढी वा कर्पोरेट कार्यालय, मण्डिखाटार, काठमाडौं वा संस्थाको शेयर रजिष्ट्रार र सेञ्चुरी क्यापिटल मार्केट्स लि., कमलादी, काठमाडौंबाट निरीक्षण गर्न तथा प्राप्त गर्न सक्नु हुनेछ ।

१४) शेयरधनी महानुभावहरुले आफ्नो जिज्ञासा वा जानकारी सभामा प्रस्तुत गर्न चाहेमा त्यस्तो जिज्ञासा वा जानकारी सभा हुनुभन्दा ७ दिनअगावै लिखित रुपमा कम्पनी सचिवमार्फत् सञ्चालक समितिको अध्यक्षलाई बुफाउनु पर्नेछ । त्यस्तो जिज्ञासा तथा जानकारी सभाको विषयसूचिको विविध शीर्षकमा समावेश हुनेछ । तर, छलफल र पारित हुने प्रस्तावको सूचिमा समावेश हुने छैन ।

१५) नाबालक तथा अशक्त शेयरधनीहरुको तर्फबाट संस्थाको शेयर लगत किताबको संरक्षकका रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नु हुनेछ ।

१६) सञ्चालक निर्वाचनसम्बन्धी कार्यक्रमको जानकारी १० दिन अगाडि संस्थाको सूचनापाटीमा निर्वाचन अधिकृतले प्रकाशित गर्नु हुनेछ ।

१७) शेयरधनी महानुभावहरुले साधारणसभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयावधिभित्र यस संस्थाको केन्द्रीय कार्यालय, धनगढी वा कर्पोरेट कार्यालय, मण्डिखाटार, काठमाडौं वा संस्थाको शेयर रजिष्ट्रार र सेञ्चुरी क्यापिटल मार्केट्स लि., कमलादी काठमाडौंबाट प्राप्त गर्न सकिने छ ।